*"जलविद्युत, जडिबुटी, व्यासायिक कृषि, पर्यटन र पूर्वाधार ।*
*सुशासन र समृद्ध नौमुले गाउँपालिकाको मुल आधार" ॥*

# नौमुले गाउँपालिका, दैलेख

## कर्णाली प्रदेश, नेपाल

## तेश्रो गाउँसभामा प्रस्तुत

# वार्षिक नीति, कार्यक्रम तथा वजेट

## आ.ब. २०७५।०७६

प्रस्तोता :

**अमृता सिहं (उपाध्यक्ष)**

२९ आषाढ २०७५

गाउँ कार्यपालिकाको कार्यालय
नौमूले, दैलेख
कर्णाली प्रदेश, नेपाल

(भदे बुढा मगर)
अध्यक्ष

# विषय सुची :

## खण्ड १.

१.परिचय
१.१. स्थानीय तहको सक्षिंप्त परिचय :
१.२. विद्यमान अवस्थाको समिक्षा :
१.३. यस गाउँपालिकाको सवल पक्षहरु :
१.४. यस गाउँपालिकाको सुधार गर्नुपर्ने पक्षहरु :
१.५. यस गाउँपालिकाको अवसर
१.६. चुनौतीहरु :
१.७. वार्षिक नीति वजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्बन गरिएको पद्धती :
१.८. ऐन नियम तथा कार्यबिधिहरु
१.९. विषयगत क्षेत्र शिर्षकहरु
१.१०. आयोजना प्राथमिकीकरणका आधारहरु :

## खण्ड २.

२. चालु आ.व. २०७४।०७५ को समिक्षा

## खण्ड ३.

३. आगामी आ.व.२०७५/०७६ नीति वजेट तथा कार्यक्रम
३.१. सोच :
३.२. लक्ष्य :
३.३. उद्देश्य :
३.४. अपेक्षित उपलब्धि :
३.५.बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु :
    ३.५.१. समग्र नीति तथा आधारहरु :
    ३.५.२. क्षेत्रगत नीति तथा आधारहरु :
३.६. मुख्य मुख्य आयोजना तथा क्रियाकलापहरु :
३.७ अनुमानित व्यय र स्रोत व्यवस्थापन :-

क.यस बन्दशत्र बैठकबाट सर्वसम्मत पारित नीतिगत निर्णयहरु :
ख.यस बन्दशत्र बैठकबाट सर्वसम्मत पारित कार्यक्रम कार्यान्वयन तथा वजेट परिचालन सम्बन्धि निर्णयहरु :
ग. पुँजिगत खर्च शिर्षकको वडागत वर्गिकरण

अध्यक्ष

## बजेट बक्तव्य :

यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय, सम्मानित सभाका सदस्य ज्यूहरु र अन्य उपस्थित सम्पुर्ण महानुभावहरु । यस नौमुले स्थानीय सरकारको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा निकै गौरवान्वित भएको छु । आमुल परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । यसैगरी राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान नेपाली नागरिक तथा कुशल नेतृत्व गर्नुहुने राजनितिक शिखर व्यक्तित्व प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

सभाध्यक्ष महोदय, अब म यस नौमुले स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आ.व.मा यस नौमुले गाउँपालिकाको संञ्चित कोषमा संघीय सरकारबाट वित्तीय समानीकरण रु ७ करोड ८९ लाख, सशर्त अनुदान रु १७ करोड २७ लाख र राजश्व बाँडफाँडबाट रु. ६ करोड ६९ लाख ५२ हजार गरि जम्मा ३१ करोड ८५ लाख ५२ हजार प्राप्त हुने छ । यसैगरी कर्णाली प्रदेश सरकारबाट वित्तिय समानीकरण रु. ४९ लाख ६५ हजार तथा राजश्व बाँडफाँडबाट रु ३ लाख ८३ हजार गरी जम्मा रु ५३ लाख ४८ हजार प्राप्त हुने छ । यसैगरी यस नौमुले गाउँपालिकाको आगामी आर्थिक वर्षमा रु १० लाख आन्तरिक आम्दानी हुने प्रक्षेपण गरेको छु भने चालु आ.व.मा सम्पूर्ण खर्च भुक्तानी गरि संचित कोषमा रु १ करोड ३५ लाख मौज्दात रहने अनुमान गरेको छु । यस प्रकार यस नौमुले स्थानीय सरकारको संचित कोषमा आगामी आ.व.२०७५/०७६ मा रु ३३ करोड ८४ लाख जम्मा हुने अनुमान गरेकोछु ।

सभाध्यक्ष महोदय, हामी संघीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि **'समृद्ध नेपाल, सुखी नेपालीको** नारालाई आत्मसात गर्दै **'समृद्ध नौमुले, सुखी नौमुलेवासी'** को दीर्घकालीन उद्देश्यअनुरुप समतामूलक समाज निर्माण गर्दै समृद्धी तर्फको यात्रामा अघि बढिरहेको सन्दर्भमा म यस नौमुले स्थानीय सरकारको आगामी आर्थिक बर्ष २०७५/०७६ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

१. यस नौमूले गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभूती गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमा साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागि गराउने, मागमा आधारित यस क्षेत्रको भूगोल सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गरी जनताको जीवनस्तरमा सुधार ल्याउने प्रमुख नीति लिएको छु । आर्थिक, समाजिक तथा शैक्षिक क्षेत्रको विकास र सुधार, पुर्वाधारहरुको विकास, दिगो विकासको अवधारणा अनुरुप वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, संस्थागत क्षमतामा सुदृढिकरण, प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गर्न जनलेखा परिक्षण (सार्वजनिक

(भद्रे बुढा मगर)
अध्यक्ष

सुनुवाई) तथा आम संञ्चारको माध्यमबाट बिभिन्न गतिविधिहरुको सार्वजनिकिकरण गरी नौमूले गाउँपालिकालाई देश कै नमूना गाउँपालिकाको रुपमा विकास गर्ने मुल नीति लिएको छु

२. नौमूले गाउंपालिकाबाट सदरमुकाम दैलेख जोड्ने मुख्य मार्ग नौमूले देखि तामेखोला सम्म १२ महिना गाडी चल्ने मोटरबाटो बनाउन अति आवश्यक छ । यस गाउंपालिका सबै क्षेत्रको समष्टिगत विकास गर्न यातायातको मुख्य भूमिका रहने भएकोले आगामी आ.व. ०७५।०७६ मा उक्त सडक ग्राभेल गरी स्तरोन्नती गर्ने नीति लिएको छु । साथै तामे देखि नारायण नगरपालिका क्षेत्र भित्र पर्ने बाटो १२ महिना चल्ने बनाउन नारायण नगरपालिका र जिल्ला समन्वय समिति दैलेखलाई अनुरोध गरी आवश्यक सहयोग तथा समन्वय गर्ने नीति लिएको छु

**सभा अध्यक्ष महोदय**

३. शिक्षा मानव विकास गर्ने, मानवीय क्षमता प्रवर्द्धन गर्ने, रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्ने, राष्ट्र तथा समाजको हितको लागि व्यक्तिको योगदान बढाउने, प्रचलित कुप्रथा एवं कुसंस्कारको अन्त्य गरी सभ्य समाज निर्माण गर्ने एवं व्यक्तिमा स्व-अनुशासन कायमगरी सामाजिक एकता एवं सदभाव कायम गर्ने र दक्ष जनशक्ति उत्पादन गर्ने महत्वपूर्ण माध्यम हो । नौमूले गाउँपालिका क्षेत्र भित्र स्थापित रहेका विभिन्न शैक्षिक संस्थाहरुको गुणस्तर अभिबृद्धि गर्न आवश्यकताका आधारमा विद्यालय समायोजन गर्ने तथा दरबन्दी मिलान गर्ने, शिक्षक तथा विद्यार्थीको विद्यालयमा नियमित उपस्थिति कायम गरी प्रभावकारी रुपमा गुणस्तरीय पठनपाठनको व्यवस्था मिलाउने, विद्यालयहरुलाई आधुनिक सूचना प्रविधि मैत्री बनाउन स्रोत तथा साधनको व्यवस्था गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरी यस क्षेत्रको विद्यालय शिक्षाको पहुँच र गुणस्तर अभिबृद्धि गर्ने प्रमुख नीति लिएको छु । खस्कदो शैक्षिक गुणस्तरमा सुधार ल्याउन हरेक वडामा एउटा नमूना विद्यालय, हरेक विद्यालयमा तालिम प्राप्त शिक्षकको व्यवस्था गर्ने, गरिव र जेहेन्दार विद्यार्थीलाई छात्रवृति तथा शैक्षिक सामाग्री सहयोग गर्ने र हाल दरबन्दी कमी भएको विद्यालयमा शिक्षा क्षेत्रमा अनुदान दिने नीति लिएको छु साथै प्राविधिक शिक्षाको महत्वलाई मनन् गरी नौमूले गाउंपालिकामा प्राविधिक शिक्षालयको स्थापना गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरी यथाशिघ्र प्रक्रिया लिई प्राविधिक शिक्षामा सर्वसाधरणको पहुच सुनिश्चित गर्ने र उच्च शिक्षाको लागि क्याम्पस पूर्वाधारको थालनी गर्ने नीति लिएको छु ।

४. स्वास्थ्य, सरसफाई तथा खानेपानी आधारभूत मानवीय आवश्यकताका विषय हुन । यी विषयहरुलाई व्यवस्थित र गुणस्तरीय बनाउन यस नौमूले गाउँपालिकाको सम्पूर्ण क्षेत्र भित्र विभिन्न रचनात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालित गरिनेछ । यस गाउँपालिकाले लिएको 'एक घर एक करेसावारी' तथा 'एक टोल एक गाउंघर क्लिनिक' नितिलाई प्रभावकारी

रुपमा अघि बढाउने र यसको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने, जनतालाई सहज र सुलभ ढंगले स्वास्थ्य सेवाको सुनिश्चितता गर्न प्रत्येक स्वास्थ्य चौकिमा पर्याप्त औषधि र उपकरणको व्यवस्था गरिनेछ । साथै पोषण, स्वास्थ्य र सरसफाई तालिम दिने, बिरामी उपचार सेवालाई प्रभावकारी बनाउन गाउंपालिकाले आगामि आ.व.२०७५।०७६मा नै एम्बुलेन्स खरिद गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।

५. यस नौमूले गाउँपालिकाको सम्पूर्ण वडाहरुमा मोटरबाटोको पहुँच स्थापित गरिनेछ । ठूला तथा बढि लगानीको सडकहरुको विकास तथा स्तरोन्नतीको लागि विभिन्न दातृनिकाय एवं संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम सञ्चालन गर्न आवश्यक कदम लिने छु ।

६. कृषि तथा पशुजन्य पेशालाई व्यवस्थित एवं आधुनिकीकरण गर्दै लगिने छ । यसको लागि कृषि बिउ, मल तथा किटनाषक औषधी सहित प्रत्येक वडामा एक जना कृषि प्राविधिक को व्यवस्था गर्ने नीति लिएको छु ।

७. उद्योग क्षेत्रको विस्तारको लागि सम्भावित स्रोतको पहिचान तथा विकास गर्ने, खनिज तथा खानीजन्य पदार्थहरु कालिका द्धारीमा भएको काईनेटिक र टूर्मालिन जस्ता पदार्थहरुको उत्खनन् एवं बजार विस्तारको लागि पहल गर्ने, पैठारी गरिने, अल्लो, लोक्ता, खोटो, लुईटो, रक्त चन्दन, ओखर, निगालाका चोया लागायतका बस्तुहरुको उत्पादन र निकाशी गर्न आवश्यक बजार खोजी तथा प्रर्वद्धन गरी निर्यात बढाउने नीति लिएको छु ।

**सभाध्यक्ष महोदय,**

८. **'हाम्रो नौमूले राम्रो नौमूले'** अभियान सहित यस गाउँपालिका क्षेत्र भित्र पर्यटन प्रवर्द्धन गर्न, पर्यटकीय क्षेत्रहरुको विकास तथा प्रचारप्रसार गर्न पर्यटकीय मार्गको विस्तार गर्ने तथा मौलिक कला, संस्कृति एवं प्राचिन महत्वका बस्तु तथा स्थानहरुको संरक्षण गर्ने नीति लिएको छु । दैलेखकै सबैभन्दा अग्लो झरना 'द्धारी झरनाको' उचित व्यवस्थापन गरिने छ । यसको लागि सडक पहुचको विस्तार, होमस्टेको संचालन, पर्यटकको सुरक्षाको उचित व्यवस्थापन गर्ने नीति लिएको छु । यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि नौमूले सांस्कृतिक तथा पर्यटकिय महोत्सब संचालन गर्नको लागि आवश्यक पहल गरिने छ ।

९. प्रत्येक वडाहरुलाई जोड्ने सडक निर्माण गर्न तथा नौमूले गाउँपालिकाका सम्पूर्ण क्षेत्र जोड्ने नौमूले बाहिरी रिङरोडको निर्माण गर्नका लागि स्रोत तथा प्रविधिको खोजी गरिनेछ । नौमूले गाउंपालिकाको केन्द्रलाई सम्पूर्ण क्षेत्रसंग सडक संजालमा जोड्नको लागि 'नौमूले-चौराठा सडक', 'नौमूले - महाबु सडक', 'नौमूले - कालिका हुँदै जाजरकोट जोड्ने सडक',

'नौमूले - नौगाउं - पैती जोड्ने सडक योजनाहरु' आ.व. ०७५।०७६ मा संचालन गर्नको लागि उचित बजेटको व्यवस्था गरिने छ ।

१०. युवाहरुलाई गाउँभित्रै रोजगारी तथा स्वरोजगारीका अवसरहरु सिर्जना गर्न स्थानीय सीप, स्रोत तथा साधनको प्रयोग गर्ने, कृषिमा व्यावसायीकरण गर्ने, उद्योग तथा व्यवसायको प्रवर्द्धन गर्ने, फलफूल तथा तरकारीखेतीमा आधुनिकीकरण एवं व्यवसायीकरण गर्ने गरी विभिन्न सीप विकास सम्वन्धी आयमुलक तालीम तथा कार्यक्रमको व्यवस्था गरी गरिबी न्यूनिकरण गर्न सहकारीलाई बिशेष जोड दिने नीति लिएको छु ।

११. गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट दिईने सम्पूर्ण सेवाहरुलाई छिटो छरितो, भरपर्दो, गुणस्तरीय एवं नागरिकमैत्री बनाईनेछ । सेवालाई सूचना प्रविधिमैत्री बनाई विद्युतीय शासनको अवधारणा लागू गर्ने नीति लिएको छु आगामी आ.व. ०७५।०७६ मा नै सम्पूर्ण वडा कार्यालयहरु र स्वास्थ्य चौकि, विद्यालय लगायत सम्पूर्ण सरकारी कार्यालय हरुमा कम्प्युटरको व्यवस्थापन गरी इन्टरनेट जडान गरेर सुचनामैत्री बनाउने लक्ष्य लिएको छु । संघिय सरकारले अबलम्बन गरेको Paperless government (पेपरलेस गभरमेन्ट) को अवधारणको पुर्ण पालना गर्नको लागि उचित प्रबन्ध गर्ने नीति लिएको छु ।

**सभाध्यक्ष महोदय,**

१२. गाउँपालिका पदाधिकारीहरु, गाउं कार्यपालिका तथा वडा कार्यालयका कर्मचारीहरु एवं विषयगत निकायका कर्मचारीको क्षमता विकास गर्न विभिन्न खाले तालिम एवं सीप विकास सम्वन्धी गोष्ठीहरु आयोजना गर्ने एवं अन्य निकायसँग समन्वय गर्ने नीति लिएको छु ।

१३. सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी एवं व्यवस्थित गरिनेछ । बैकिङ्ग सुविधा विस्तार भएसँगै सामाजिक सुरक्षा भत्ता वितरण वैंक खाता मार्फत वितरण गर्न आवश्यक प्रकृया थालनी गरिने छ ।

१४. नौमूले गाउँपालिकाका सम्पूर्ण क्षेत्र भित्र संचार सेवाको विस्तार गरिनेछ । मोवाईल एवं ईन्टरनेट सेवाको विस्तारको लागि आवश्यक पहल भइसकेको छ । यसै आ.व.०७५।०७६ भित्र यी सेवाको विस्तार गर्न आवश्यक कार्य गरिने छ ।

१५. केन्द्रिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदानलाई मितव्ययी ढगंबाट प्रयोग गरिनेछ । उत्पादनमुखी तथा छोटो समयमा प्रतिफल प्राप्त हुने खाले आयोजनाहरुको छनौट एवं कार्यान्वयन गरिनेछ । भ्रष्टाचार एवं अनियमितता अन्त्य गरी पारदर्शी प्रशासकीय

कार्यविधि अपनाईने छ। सर्शत अनुदानलाई तत् तत् निकायमा लगाई उनीहरुको खर्च पारदर्शी बनाउन अनुगमन तथा नियमन गरिनेछ। वित्तिय समानिकरणको पुजिगत रकमको प्रभावकारी कार्यन्वयनको लागि ठुलो योजना र दिगो विकासलाई जोड दिइनेछ। साथै यि योजनाहरुको प्रभावकारी कार्यान्वयनको लागि ठेक्का (टेण्डर) प्रक्रियालाई जोड दिने नीति लिएको छु।

१६. नौमूले गाउँपालिकाको सम्मूर्ण प्रशासनिक गतिविधिहरु, निणर्य प्रक्रियाहरु, एवं कार्यक्रमहरु पारदर्शी, सहभागितामुलक, जनमुखी, भ्रष्टाचार रहित एवं उत्पादनमुखी बनाईनेछ। यसको लागि आवश्यक जनशक्तिको व्यवस्थापन, तालिम तथा विकासमा जोड दिने नीति लिएको छु।

**सभाध्यक्ष महोदय,**

१७. यस गाउँपालिका अन्तर्गत विभिन्न क्षेत्रमा कार्यरत कर्मचारीहरुको उच्च मनोवलका साथ तोकिएको जिम्मेवारी पुरागर्नुको साथै सेवाग्राहीलाई सुशासनको प्रत्याभूति हुनेगरी सेवाप्रवाहलाई गुणस्तरीय वनाउने वातावरण श्रृजना गरि कार्यसम्पादन मुल्याङ्कनको आधारमा उचित पुरस्कार र सम्मानको व्यस्था गरिने छ।

१८. स्थानीय शान्ती सुरक्षालाई प्रभावकारी बनाउन सुरक्षा निकाय एवं सुरक्षा कर्मीहरुलाई चुस्त दुरुस्त रुपमा खटनपटन गर्ने र सुरक्षाकर्मीको व्यवहारलाई नागरिक मैत्री बनाउने नीति लिएको छु। यसको लागि आवश्यक समन्वय तथा सहकार्य गर्ने नीति लिएको छु।

१९. यस गाउँपालिका भित्र समाहित भएका विषयगत निकायहरु जस्तो शिक्षा, स्वास्थ्य, खानेपानी, बन, कृषि, भेटेनरी, आयुर्वेद लगायतका निकायहरुको काम कारबाही प्रभावकारी बनाउने नीति लिईनेछ। सम्पूर्ण निकायका कामकारबाही गाउँपालिकाको नीति अनुरुप सञ्चालन गरिने छ। गाउँपालिकाको निर्देशन, एवं नियमनमा सबै निकायले प्रदान गर्ने सेवालाई नागरिकमैत्री बनाईनेछ।

२०. युवा पुस्ताको क्षमता विकास गर्न विभिन्न सीप विकास सम्वन्धी तालिम कार्यक्रम संचालन गरिनेछ। स्थानीय उत्पादनहरु जस्तै मौरीपालन, माछापालन, तरकारी खेती, सुन्तला अलैची, टिमुर, अदुवा, स्याउ तथा आँप, ओखर, खेती लगायतका अन्य सम्भावित क्षेत्रमा युवा पुस्तालाई आर्कषण गर्न विभिन्न कार्यक्रमहरु संचालित गरिने छ। यि विभिन्न कृषिजन्य वस्तुको उत्पादन बढाई रोजगारी सिर्जना गरी जीवनस्तरमा सुधार गर्न प्राविधिक परिक्षण गरी पकेट क्षेत्रको स्थापना गर्ने साथै उक्त कार्यकम सहकारीसँग समन्वय गरिनेछ।

२१. नवजात शिशु तथा सुत्केरी आमाको स्वास्थ्य बलियो बनाउन गर्भवती अवस्थामा पोषणयुक्त खानेकुरा तथा नियमित स्वास्थ्य चेकजाँचको व्यवस्था मिलाउने, युवतीहरुको स्वास्थ्यमा विशेष ध्यान दिन तथा परिवार नियोजन सम्बन्धी कार्यक्रम प्रत्येक वडाहरुमा

संचालन गर्न नियमित प्रवर्द्धनात्मक कार्यक्रम संचालन गर्ने नीति लिएको छु । यसका लागि सुनौलो हजार दिन कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक गर्भवती महिलालाई स्वास्थ्य चौकिमा नै अनिवार्य सुत्केरी हुन प्रोत्साहित गरिनेछ । स्वास्थ्य चौकिमा जनशक्तिको उचित व्यवस्थापन गरिने छ र बहुक्षेत्रीय पोषण कार्यक्रमलाई अझ प्रभावकारी बनाउने नीति लिएको छु ।

२२. महिला, आदिवासी जनजाती, बृद्ध बृद्धा, दलित जनजाती, उत्पिडित वर्ग, विपन्न एंव गरिव जनता आदिको संरक्षण एवं विकास गर्न सामाजिक न्यायको आधारमा स्रोत एवं सुविधाको समानुपातिक वितरणको व्यवस्था मिलाईने छ । पछाडी परेका वर्ग तथा समुदायलाई मुल प्रवाहिकरण गर्न संरक्षण, सशक्तिकरण एवं क्षमता विकासको कार्यक्रम संचालित गरिने रणनिती लिएको छु । यसको लागि सबै वर्ग, क्षेत्र र लिंगलाई समानुपातिक रुपमा आवश्यक वजेटको व्यवस्था गरिने छ ।

२३. वातावरण तथा जलबायुमैत्री पुर्वाधार विकासमा जोड दिईनेछ । वनको वैज्ञानिक व्यवस्थापन गरि वनलाई आम्दानीको श्रोतको रुपमा विकास गर्न आवश्यक व्यवस्था गरिनेछ । साथै वन क्षेत्रको संरक्षणको लागि एक वडा एक नमूना सामुदायीक बन निर्माण कार्यक्रमलाई प्रोत्साहान गरिनेछ ।

२४. 'उज्यालो नौमूले गाउंपालिका' अभियानको प्रभावकारी कार्यान्वयन गर्न विद्युत क्षेत्रको विकास र विस्तार गरिने छ । नौमूले बजारमा संचालनमा रहेको लघु जलविद्युतलाई व्यवस्थित वनाईनेछ । साथै साना जलविद्युत उत्पादन तथा मझौला र ठूला जलविद्युत आयोजनाको निर्माण गाउँपालिकाको नीति अनूरुप गर्ने गरी व्यवस्था गरेको छु । सम्पूर्ण वडाहरुमा विद्युतको विस्तार गर्न नेपाल विद्युत प्राधिकरणसंग आवश्यक पहल गरिनेछ ।

२५.स्थानीय स्तरका लोपोन्मुख जाति, आदिवासी, जनजातिको भाषा, संस्कृति र सम्पदाको संरक्षण र विकास र प्रवर्द्धनमा विशेष जोड दिईनेछ ।

२६. बैंकिङ्ग तथा वित्तीय क्षेत्रलाई यस गाउँपालिका क्षेत्र भित्र सहजरुपमा कारोबार गर्न आउने वातावरण निर्माण गर्ने तथा यस प्रयोजनका लागि प्रदेश तथा संघीय सरकारसँग माग गर्ने कार्यक्रम अघि बढाईएको छ । यो कार्यलाई तत्काल अघि बढाउने विशेष पहल गरिनेछ । यस गाउँपालिका भित्र सञ्चालित सम्पूर्ण बहुउद्देशिय सहकारी संस्थाहरुलाई गाउँपालिकाको नीति अनूरुप परिचालित गरिनेछ । सहकारी विनियम पालना नगर्ने संस्था खारेजी, नियमित र उत्कृष्ट कार्य गर्ने सहकारीलाई संरक्षण र पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।

२७. नौमूले गाउंपालिकामा खेलकुदको विकास र प्रवर्द्धन गर्नको लागि गाउंपालिका स्तरीय खेलकुद प्रतियोगिता गर्ने, नौमूले गाउंपालिका स्तरीय खेलकुद विकास समितिको गठन गर्ने, गाउँपालिकास्तरीय खेलकुद मैदान निर्माण गर्ने नीति लिएको छ ।

२८. लैंगिक समानता, महिला सशक्तीकरण, तथा महिला सहभागिता वृद्धि गर्ने खालका कार्यक्रमहरुमा विशेष जोड दिईनेछ । घरेलु हिंसा अन्त्य गर्न क्षमता विकास, जनचेतनामुलक र आयमुलक कार्यक्रम संचालन गरिनेछ । यसको लागि महिला सशक्तीकरण गरिनेछ ।

२९. वैदेशिक रोजगारीमा गएका यूवाहरुको लगत संकलन गरिनेछ । Learn Earn and Return को नीति अवलम्बन गरी विदेशमा सिकेका सीपहरुको स्वदेशमै प्रयोग गर्ने वातावरण निर्माण गरिनेछ । त्यसै गरी वैदेशिक रोजगारीमा जाने युवाहरुलाई विशेष सीपमूलक तालिम प्रदान गरेर मात्र वैदेशिक रोजगारमा पठाउने नीति लिएको छ । विपेषणलाई उत्पादनमुखी क्षेत्रमा लगाउनको लागि आवश्यक क्षेत्रको पहिचान गर्ने, विदेशमा गएका युवाहरुबाट प्राप्त आयलाई उत्पानमुखी क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने आवश्यक व्यवस्था मिलाइनेछ ।

३०. महिला, आदिबासी जनजाति, गरिव, विपन्न वर्ग, अपांङ्ग र जेष्ठ नागरिक केन्द्रित कार्यकमहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिकलाई सम्मानमुलक कार्यक्रम, महिला, आदिवासी, जनजाति, विपन्न वर्ग र अपाङ्गहरुलाई क्षमता विकास कार्यक्रम सञ्चालन गरी आत्म निर्भर हुने व्यवस्था मिलाईनेछ ।

३१. स्थानीय तहको न्याय प्रणालीलाई स्वच्छ, सक्षम, पारदर्शी तथा जवाफदेही बनाउन आवश्यक संस्थागत, संरचनागत तथा नीतिगत व्यवस्था गरिने छ ।

**सभाध्यक्ष महोदय**

३२. बालमैत्री कार्यकमहरु सञ्चालन गरी विद्यालयका अतिरिक्त घरपरिवार समुदायलाई समेत बाल सिकाइ केन्द्रको रुपमा विकास गर्ने नीति लिएको छ । सिकाई प्रक्रियालाई प्रभावकारी बनाउन सबै विद्यालयहरुमा अनिवार्यरुपमा 'एक विद्यालय एक पुस्तकालय' स्थापना गर्ने नीति लिएको छ । संचालनमा रहेका बालविकास केन्द्रहरुलाई प्रभावकारी रुपमा संचालनमा ल्याइने छ । यसको लागि आवश्यक जनशक्ति तथा पुर्वाधारहरुको विकास गरिनेछ ।

३३. बालविवाह गर्ने परम्परालाई न्युनिकरण गर्न जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, बालविवाह गर्ने परम्परालाई निरुत्साहित गर्ने, समाजमा उत्पन्न हुने विभेद, उत्पीडन, शोषण तथा अन्यायको अन्त्य गरि सामाजिक न्याय र समानता कायम गरिनेछ । बालविवाह गर्ने परम्परालाई घटाउन नौमूले गाउंपालिकामा रहेका मा.वि. स्तरीय विद्यालयमा अनिवार्य रुपमा आवश्यक कार्यक्रम संचालन गरिनेछ । साथै न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनको लागि आवश्यक संस्थागत र क्षमता विकास गर्न उचित बजेट व्यवस्था गरिने छ ।

३४. **'हाम्रो गाउँपालिका पूर्ण सरसफाईयुक्त गाउँपालिका'** अभियान सञ्चालन गरिने छ । यस गाउँपालिकाका सबै वडाहरुमा पूर्ण सरसफाई मापदण्ड लागुगर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनुका साथै सार्वजनिक शौचालय निर्माण गर्ने र विद्यालयहरुमा पानी सहितको व्यवस्थित शौचालय निर्माणमा जोड दिईनेछ । विद्यालयहरुमा सरसफाइको लागि Blue School को अवधारणा कार्यन्वयमा ल्याइनेछ । पुर्ण सरसफाइको क्षेत्रमा लागेका सम्पूर्ण व्यक्ति, संघ संस्था, विद्यालय, समुदाय तथा गाउंपालिका बिच आवश्यक समन्वय, सहकार्य गरी संयुक्त रुपमा कार्यक्रम संचालन गरिनेछ ।

३५. प्रत्येक विद्यालयहरुलाई सूचना प्रविधीयुक्त शिक्षण केन्द्रको रुपमा स्थापना गर्न आवश्यक पहल गर्ने नीति लिएको छु ।

३६. कर प्रणालीमा व्यवस्थित, करका दरहरुमा सुधार, तथा करको दायरा फराकिलो पारी गाउँपालिकालाई श्रोत तथा साधनले सम्पन्न बनाउन आवश्यक रणनीतिहरु तय गरेको छु । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्मअनुरुप करका क्षेत्रहरुको पहिचान गरी कर राजश्वमा बृद्धि गरेर आत्मनिर्भरता तिर उन्मुख हुने नीति लिएको छु ।

३७. समयमानै योजना तथा आयोजना सम्पन्न गर्ने व्यवस्थाको स्थापना गर्दै आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गरी यस वर्षबाट बैशाख मसान्त सम्ममा सम्पुर्ण योजना तथा कार्यक्रमहरु सम्पन्न गरी फरफारक गर्ने वातावरण मिलाईनेछ । यसको लागि जनशक्तिको व्यवस्थापन तथा उच्चतम प्रविधिको प्रयोग गरी आ.व. ०७५।०७६ को श्रावण देखी नै काम गर्न शुरु गर्ने र समयमा नै गाउँपालिकाका कार्यक्रमहरु सम्पन्न गर्ने नीति लिएको छु ।

३८. यस नौमूले  गाउँपालिका क्षेत्र भित्रका विभिन्न आयोजनाहरु तथा अन्य सरकारी कारोवार हुने क्षेत्रमा काम गर्ने सिलसिलामा पेश्कि लिएको र सरकारी बेरुजु रहेको जो कोहीले पनि तुरुन्त पेश्कि तथा बेरुजु फछ्यौट गर्नुपर्ने छ । यदि कसैको नाममा रहेको पेश्कि तथा बेरुजु पछ्यौट गरिएको छैन भने निजलाई सम्पूर्ण सरकारी कारोवार एवं सेवा सुविधाबाट बन्चित गर्ने नीति लिएको छु

३९. नौमूले गाउंपालिकाको वन क्षेत्रमा पाइने दुर्लभ वन्यजन्तु हरुको पहिचान गरी संरक्षित क्षेत्रको स्थापना गर्न आवश्यक पहल गरीनेछ । साथै हरियो बनले ढाकेको र विभिन्न बन क्षेत्रलाई समेटेर विषेश संरक्षित क्षेत्र बनाईनेछ ।

४०. यस नौमुले गाउँपालिकाको गाउँपालिका पार्श्वचित्र (Rural Municipality Profile), गाउँपालिका शैक्षिक गुरुयोजना (Rural Municipality Education Master Plan), गाउँपालिका यातायात गुरुयोजना (Rural Municipality Transportation Master Plan), गाउँपालिका कृषि गुरुयोजना (Rural Municipality

(कर्ण बुढा मगर)
अध्यक्ष

Agriculture Master Plan), गाउँपालिका खानेपानी गुरुयोजना (Rural Municipality Drinking Water Master Plan), गाउँपालिका पर्यटन गुरुयोजना (Rural Municipality Tourism Master Plan), गाउँपालिका जैविक विविधिता गुरुयोजना (Rural Municipality Bio-Diversity Master Plan), निर्माण तथा विद्युतिय सुशासन (E-Governance) कायम गर्न विभिन्न दातृ निकायहरुसँग सहकार्य गर्ने नीति लिईने छ ।

४१. नौमूले गाउँपालिकामा रहेका सम्पूर्ण जनतालाई प्राथमिक उपचारबाट लाभान्वित गराउन तथा स्वास्थ्य सेवालाई सरल, सुलभ, सहज र गुणस्तरीय बनाउन प्रत्येक वडामा रहेका स्वास्थ्य चौकिमा सडक संजाल जोड्ने, जनशक्तिको व्यवस्थापन गर्ने, भौतिक संरचनाको विकास गर्ने, तथा गाउँपालिका क्षेत्रमा कम्तिमा १५ सैयासम्मको एक सुविधा सम्पन्न अस्पताल स्थापना गरी ***"म स्वस्थ, मेरो परिवार स्वस्थ र मेरो गाउँपालिका स्वस्थ"*** भन्ने नारा सफल बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिएको छु ।

४२. प्राथमिक स्वास्थ्य केन्द्र नौमूलेको सेवा प्रभावकारीतामा वृद्धि गर्ने भौतिक संरचना तथा आवश्यक थप औषधि उपकरणको व्यवस्था गरिनेछ ।

४३. गत आ.व. २०७४।०७५ मा नौमूले गाउँपालिका भवन निर्माणको लागि जग्गा खरिद नभएकोले यस आ.व. ०७५।०७६ मा जग्गा खरिद गर्न बजेट विनियोजन गरिनेछ ।

४४.नौमूले गाउंपालिका क्षेत्रभित्र रहेका उच्च पहिरो जोखीम क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण मार्फत बाढी पहिरो नियन्त्रणको लागि एक वडा एक नर्सरी स्थापना गरी जोखिमयूक्त ठाउँमा विरुवा रोप्ने कार्यक्रम सञ्चालन गरिनेछ । त्यसै गरी बाढी पहिरो हुने भूक्षय नियन्त्रण गर्न र जोखिमयूक्त बस्तीमा नदी खोला नियन्त्रणको लागि आवश्यक तटबन्ध निर्माण कार्यलाई प्राथमिकता दिइने छ ।

४५. सबै एनजिओ, आइ.एन.जि.ओ.हरुले सञ्चालन गर्ने आयोजना तथा कार्यकमहरु एकद्वार प्रणाली मार्फत गाउँ कार्यपालिकाको बैठकबाट पारित गरी गाउँ सभाबाट अनुमोदन गरेर गाउँपालिकाले तय गरेको नीति बमोजिम सञ्चालन हुने रणनीति लिएको छु । यसको लागि सम्पुर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग आवश्यक सहकार्य, समन्वय गरेर अगाडी बढाइने नीति लिएको छु ।

४६. स्थानीय जडिबुटी उपचारलाई प्रभावकारी बनाउन आयुर्वेद औषधालयको सेवालाई थप प्रभावकारी बनाइनेछ ।

४७. विकासको पूर्वाधारको रुपमा रहेको शिक्षा, स्वास्थ्य, कृषि, सूचना प्रविधिको विकासमा सार्वजनिक, निजी, साझेदारीको अवधारणालाई विशेष रुपमा कार्यान्वयनमा ल्याउने नीति लिएको छु ।

**सभा अध्यक्ष महोदय**

४८. जातीय छुवाछुत र भेदभाव अन्त्यको लागि दलित र महिला सशक्तिकरण कार्यक्रम संचालन गरी विभेदरहित नौमुलेको शान, सबै नागरिकको आत्मसम्मान भन्ने नारालाई सफल बनाईनेछ ।

४९. मगर जातिको भाषा, कला, संस्कृति संरक्षणको लागि मगर भाषा पाठशालाको स्थापना, नौमूले गाउंपालिकामा एउटा नौमुले संस्कृति संग्रालयको स्थापना गरिने छ ।

५०. गाउँपालिकाको समग्र विकासमा विशेष योगदान पुऱ्याउने व्यक्ति तथा सस्थाको पहिचान गरी प्रत्येक वर्ष सम्मान गर्ने, पुरस्कृत गर्ने नीति लिएको छु ।

५१. कृषि क्षेत्रलाई व्यवसायको रुपमा प्रवर्द्धन गर्न आर्थिक वर्ष २०७५।०७६ भित्र गाउँपालिका क्षेत्रमा माटो परीक्षण सम्पन्न गरी उर्वरा शक्तिको आधारमा कृषि उपजको पकेट क्षेत्रको घोषणा गरी एक गाउँ, एक उत्पादन, एक घर एक पेशा, एक घर एक रोजगार कार्यक्रमको विशेष रुपमा कार्यान्वयन गर्ने नीति लिएको छु ।

५२. यस गाउँपालिकामा बसोवास गर्ने जनजाती समुदायको परम्परागत मदिरा सेवन प्रचलन हाल सम्पूर्ण समुदायहरुमा बिकृतरुपमा बढिरहेकोले यसलाई नियन्त्रण गरि सम्मानित जीवनयापनको लागि अबैध मदिरा बेचबिखन र सेवनलाई नियन्त्रण र नियमन गरिने छ ।

५३. यस क्षेत्रमा प्रशस्त मात्रामा पाईने विभिन्न जडिबुटी तथा काईनाईटको उत्पादन, भण्डारण, प्रशोधन तथा निर्यातको लागि आवश्यक व्यवस्था गरिने छ ।

५४. निर्वाचित जन प्रधिनिधिहरुको क्षमता विकासको लागि नेतृत्व विकास तालिम तथा Learning Route (सिकाई यात्रा) जस्ता कार्यक्रमहरु संचालन गरि दक्षता अभिबृद्धि गरिने छ ।

५५.

**सभाध्यक्ष महोदय,**

यस नौमुले स्थानीय सरकारको नीतिहरु सफल बनाउनको लागि निम्नानुसारको मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरु संचालन गरिनेछन :

१. सहकारी तथा सामुदायिक संस्था मार्फत व्यवसायिक कृषि तथा पशुपालन ।

२. विकासका प्रमुख पूर्वाधारको रुपमा रहेको सडक सञ्जाललाई सबै वडामा विस्तार तथा स्तरोन्नती गर्ने ।

३. हाल विद्युतीकरण भैरहेको नौमुले बजार लगायत सबै वडाहरुमा विद्युत संञ्जाल विस्तार गर्नको लागि नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरि कार्यप्रारम्भ गर्ने ।

४.स्वच्छ खानेपानी आधारभूत स्वास्थ्य सेवा सुविधा र सरसफाईसंग सम्वन्धित कार्यक्रमहरु सम्वन्धित निकायहरुसंग समन्वय गरि संचालन गर्ने ।

५ विपद् व्यवस्थापन कोषको स्थापना गर्ने ।

६. सवै प्रकारका विभेद र हिंसा मुक्त गाउँपालिका वनाउनको लागि सम्वन्धित सरोकारवालाहरुसंग आवश्यक समन्वय गरि जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

७. यस गाउँपालिकाका सबै क्षेत्रमा प्रभावकारी संञ्चार सुविधाको लागि नेपाल टेकिकमसंग समन्वय गरि तत्काल कार्य थालनी गर्ने ।

८. गुणस्तरीय शिक्षाको लागि पेशागत दक्षता अभिबृद्धि तालिम, गोष्ठी, सिकाई यात्रा, पढाई मेला जस्ता कार्यक्रमहरु संचालन गर्ने ।

९. महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग र आर्थिक रुपले पिछडिएका वर्गको सामाजिक र आर्थिक उन्नतीको लागि विभिन्न साझेदार संस्थाहरुसंग समन्वय गरि आयआर्जनमुलक, सिपमुलक तथा चेतनामुलक कार्यक्रम संञ्चालन गर्ने ।

१०. यस नौमूले गाउँपालिकाको समग्र क्षेत्र, शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी, संचार लगायत सम्पुर्ण क्षेत्रको विकासको लागि दीर्घकालिन गुरुयोजना बनाई लागु गर्ने छु । समग्र विकासको लागि यस चालु आर्थिक वर्षभित्रै पंचवर्षिय गुरु योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

**सभाध्यक्ष महोदय,**

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि विषयगत क्षेत्र अनुसार गाउँ कार्यपालिकामा व्यापक छलफल भई यस गरिमामय गाउँ सभाबाट स्विकृतिका लागि अव म आ.व. २०७५/०७६ को अनुमानित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(लाटे बुढा मगर)
अध्यक्ष

# नौमुले गाउँपालिका, दैलेख
## कर्णाली प्रदेश, नेपाल

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं | आयको श्रोत | रकम रु. | प्रतिशत | क्र.सं. | विषयगत क्षेत्र | रकम रु. | प्रतिशत |
| १. | गत आ.व.को मौज्दात रकम | १९९६४००० | ५.७९ | क | **पुँजीगत खर्च** | ११२१६४००० | ३२.५२ |
| २. | **संघीय सरकार** | ३१८५५२००० | ९२.३७ | १. | आर्थिक विकास क्षेत्र | १६९२०५०० | ४.९१ |
| २.१. | वित्तिय समानिकरण | ७८९००००० | २२.८८ | २. | सामाजिक विकास क्षेत्र | २९२१४००० | ८.४७ |
| २.२. | सशर्त अनुदान | १७२७००००० | ५०.१ | ३ | पूवाधार विकास क्षेत्र | ५०२०७००० | १४.५६ |
| २.३. | राजश्व बाँडफाँड | ६६९५२००० | १९.४१ | ४ | वातावरण तथा विपद् व्यवस्थापन | ३४१०००० | ०.९९ |
| ३. | **प्रदेश सरकार** | ५३४८००० | १.५५ | ५ | संस्थागत विकास, सेवा प्रवाह र सु-शासन | २४१२५०० | ०.७० |
| ३.१. | वित्तिय समानिकरण | ४९६५००० | १.४४ | ६ | समपुरककोष | १००००००० | २.९० |
| ३.२. | राजश्व बाँडफाँड | ३८३००० | ०.११ | ख | **चालु खर्च** | ६००००००० | १७.४० |
| ४ | **आन्तरिक आय प्रक्षेपण** | १०००००० | ०.२९ | ग | **सशर्त अनुदान खर्च** | १७२७००००० | ५०.०८ |
| | **कुल जम्मा** | ३४४८६४००० | १०० | | **कुल जम्मा** | ३४४८६४००० | १०० |

उल्लेखित व्ययको विस्तृत वडागत र क्षेत्रगत विनियोजन विवरण Red Book को अनुसुचीमा उल्लेख गरेको छु।

# नौमूले गाउँपालिका

## गाउँपालिका तर्फ

आयोजनाको प्राथमिकिकरण सूची, २०७५।०७६

निर्धारित वडागत बजेट सीमा भित्रका आयोजनाको लागि

| आयोजनाको किसिम | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाको रणनीतिसँग सम्बन्ध |
|---|---|---|---|---|---|---|
| आर्थिक विकास | कृषि | | १५००००० | १५ लाख | | |
| | पशु सेवा | | १५००००० | १५ लाख | | |
| | सहकारी | | ५००००० | ५ लाख | | |
| | सतुवा अलैचि टिमुर नर्सरी | | ५००००० | ५ लाख | | |
| | घरेलु उधोग | | ३००००० | ३ लाख | | |
| | शिक्षा र स्वास्थ्य | | १००००००० | १ करोड | | |
| | | | **१४३०००००** | **१ करोड ४३ लाख** | | |
| सामाजिक विकास | भैरव मावि नौमूले प्राविधिक शिक्षा | | ४०००००० | ४० लाख | | |
| | ढल निकास | | ५००००० | ५ लाख | | |
| | शिक्षा | | ११०००००० | १ करोड १० लाख | | |
| | स्वास्थ्य | | ५०००००० | ५० लाख | | |
| | महिला लक्षित | | ५००००० | ५ लाख | | |
| | दलित लक्षित कार्यक्रम | | २००००० | २ लाख | | |
| | जनजाति लक्षित कार्यक्रम | | २००००० | २ लाख | | |
| | अपांग लक्षित कार्यक्रम | | १००००० | १ लाख | | |
| | आयुर्वेद | | ५००००० | ५ लाख | | |
| | सरसफाइ व्यवस्थापन | | ५००००० | ५ लाख | | |
| | इसाइ भवन मर्मत | | ३००००० | ३ लाख | | |
| | न्यायिक समिति | | ६००००० | ६ लाख | | |
| | कला संस्कृति संरक्षण | | ९००००० | ९ लाख | | |
| | खेलकुद कार्यक्रम | | ५००००० | ५ लाख | | |
| | भैरव मावि सरस्वती मन्दिरक्रमागत | | ३६४००० | ३ लाख ६४ हजार | | |

(भदै बुढा मगर)
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २५१६४००० | २ करोड ५१ लाख ६४ हजार | |
| पूर्वाधार विकास | नौमुले तामे सडक | | १०००००००० | १ करोड | |
| | नौमूले महावु सडक | | २५००००० | २५ लाख | |
| | नौमूले ढारी सडक वडा कार्यालय | | १५००००० | १५ लाख | |
| | नौमूले ढारी झरना सडक | | २५००००० | २५ लाख | |
| | नौमूले नाउली गोगनपानी भलायडाँडा चौराठा | | २५००००० | २५ लाख | |
| | नौमूले सल्लेरी पैती चौराठा | | ४०००००० | ४० लाख | |
| | बाघखोर तोली | | १०००००० | १० लाख | |
| | नौमूले उज्यालो कार्यक्रम | | १०००००० | १० लाख | |
| | शार्वजनिक शौचालय | | ५००००० | ५ लाख | |
| | सिमा प्रवेश द्वार वडा नं ८ | | ३००००० | ३ लाख | |
| | नौमूले मन्दिर निर्माण | | ५००००० | ५ लाख | |
| | बिधुतीकरण | | १०००००० | १० लाख | |
| | भारतिय पेन्सन क्याम्प पुर्वाधार तामेखोला गेट फिनीशिंग | | ६५,०००/- ~~३०००००~~ २,२५,०००/- | तीन लाख | |
| | कन्टेजेन्सी | | १६६८००० | १६ लाख ६८ हजार | |
| | | | २९२६८००० | २ करोड ९२ लाख ६८ हजार | |
| वातावरण तथा विपत व्यवस्थापन | विपत व्यवस्थापन | | १०००००० | १ करोड | |
| | | | १०००००० | | |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | आवधिक योजना निर्माण | | ५००००० | ५ लाख | |
| | | | ५००००० | | |
| समपुरक कोष | | | १०००००००० | १ करोड | |
| | | | १०००००००० | | |
| जम्मा | | | ८०२३२००० | ८ करोड २ लाख ३२ हजार | |

(भद्रै पुन मगर)
अध्यक्ष

| योजनाको नाम | रकम | | अनुमानित लागत | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | आवधिक योजनाका रणनिति सँग सम्बन्धित |
|---|---|---|---|---|---|---|
| **आर्थिक विकास** | | | | | | |
| केन्द्र | १४३००००० | १ करोड ४३ लाख | | | | |
| १ | २००००० | २ लाख | | | | |
| २ | २२३००० | २ लाख २३ हजार | | | | |
| ३ | ७२०००० | ७ लाख २० हजार | | | | |
| ४ | ५००००० | ५ लाख | | | | |
| ५ | २७२५०० | २ लाख ७२ हजार ५ सय | | | | |
| ६ | २२०००० | २ लाख २० हजार | | | | |
| ७ | ६५००० | ६५ हजार | | | | |
| ८ | ४२०००० | ४ लाख २० हजार | | | | |
| जम्मा | **१६९२०५००** | **१ करोड ६९ लाख २० हजार ५ सय** | | | | |
| **सामाजिक विकास** | | | | | | |
| केन्द्र | २५१६४००० | २ करोड ५१ लाख ६४ हजार | | | | |
| १ | ४००००० | ४ लाख | | | | |
| २ | ० | | | | | |
| ३ | ४००००० | ४ लाख | | | | |
| ४ | ७३५००० | ७ लाख ३५ हजार | | | | |
| ५ | १४५००० | १ लाख ४५ हजार | | | | |
| ६ | ६३०००० | ६ लाख ३० हजार | | | | |
| ७ | १०५०००० | १० लाख ५० हजार | | | | |
| ८ | ६९०००० | ६ लाख ९० हजार | | | | |
